# ७. ख्रीष्टमा हामी के हौं

## क. हामी नयाँ जीवन प्राप्त गर्दछौं

हामीमा अनन्त जीवन छ (यूहन्ना ३:१६).

पवित्र आत्माद्वारा परमेश्वरले हाम्रो हृदयमा उहाँको प्रेम खन्याइदिनु भएको छ (रोमी ५:५).

हामीले पवित्र आत्माको साक्षी पाएका छौं (रोमी ८:१६)

हामीलाई ख्रीष्टको मन दिइएको छ (१कोरिन्थी २:१६).

हाम्रो शरीर पवित्र आत्माको मन्दिर भएको छ (१कोरिन्थी ६:१९).

पवित्र आत्माको वरदानहरु हामीलाई उपलब्ध भएको छ (१कोरिन्थी १२:४-११).

हामी ख्रीष्टको शरीरको अंग बनेका छौं (१कोरिन्थी १२:२७).

पवित्र आत्माले हाम्रो हृदयमा लाहाछाप लगाइदिनु भएर हामी उहाँकै हौं भन्नुभएको छ (२कोरिन्थी १:२२).

व्यवस्थाको श्रापबाट हामी मुक्त भएका छौं (गलाती ३:१३).

पवित्र आत्माले हामीमा टांचा लगाइदिनुभएको छ (एफिसी १:१३-१४).

ख्रीष्टसँग हामीलाई जीवित पारिएको छ (कलस्सी २:१३).

पवित्र आत्माले हामीलाई नयाँ पार्नुभएको छ (तीतस ३:५).

परमेश्वरको वचनद्वारा हामीले नयाँ जन्म पाएका छौं (१पत्रस १:२३).

येशूको रगतमा हामी शुद्धयाइएका र पाप क्षमा गरिएका छौं (१यूहन्ना १:७-९).

हामी परमेश्वरबाट जन्मेका छौं (१यहून्ना २:२९).

## ख. हामी परमेश्वरसित नयाँ सम्बन्धमा प्रवेश गरेका छौं

हामी परमेश्वरका सन्तान भएका छौं (यूहन्ना १:१२, रोमी ८:१६).

एउटैमात्र सत्य परमेश्वरलाई हामीले चिनेका छौं (यूहन्ना १७:३).

परमेश्वर र हामी बीच शान्ति छ (रोमी ५:१).

परमेश्वरसँग हाम्रो मिलाप भएको छ (रोमी ५:१०).

हामी उहाँका सन्तान मात्र नभएर उहाँका छोराछोरी पनि हौं (रोमी ८:१५).

हामी ख्रीष्टसँगै उत्तराधिकारी भएका छौं (रोमी ८:१७).

हामी ख्रीष्टका सम्पत्ति हौं (१कोरिन्थी ३:२३).

प्रभुबाट आउने महिमामा हामी उहाँको स्वरुपमा रुपान्तरित हुँदैजान्छौं (२कोरिन्थी ३:१८).
हामी ख्रीष्टमा नयाँ सृष्टि हौं (२कोरिन्थी ५:१७).
हामी ख्रीष्टसँगै क्रूसमा टाँगिएका छौं (गलाती २:२०).
हामी उहाँमा स्वीकार गरिएका छौं (एफिसी १:६).
ख्रीष्टसँगै हामी जीवित पारिएका छौं (एफिसी २:५).
हामी परमेश्वरको घरानाको सदस्यहरु हौं (एफिसी २:१९).
स्वतन्त्रता तथा भरोसासाथ हामी परमेश्वरकहाँ पुग्नसक्छौं (एफिसी ३:१२).
जसले हामीमा असल कामको शुरुवात गर्नुभयो उहाँले नै यसको अन्त्य पनि गर्नुहुने कुरामा हामी विश्वस्त छौं (फिलिप्पी १:६).
ख्रीष्ट येशूका सबै कामहरु गर्न हामी सक्षम छौं (फिलिप्पी ४:१३).
हामी उहाँको सम्पत्तिको हकवाला हुनयोग्य छौं (कलस्सी १:१२)).
हामी परमेश्वरका हौं (१पत्रस २:९).
इश्वरीय स्वभावमा हामी सहभागी हौं (२पत्रस १:४).

## ग. हामी पापबाट स्वतन्त्र तुल्याइएका छौं

हामीलाई बन्धनबाट छुटकारा दिइएको छ (यूहन्ना ८:३१-३६).
हामीलाई पापबाट छुटकारा दिइएको छ (रोमी ६:१८).
हामी दोषरहित भएका छौं (रोमी ८:१).
आत्माले चाहना गर्नुभएका कुरामा हामीले हाम्रो मन लगाउनुपर्छ (रोमी ८:५-६).
पापको परिणामबाट हामी बचाइएका छौं (रोमी १०:१३).
हामी धर्मी र पवित्र तुल्याइएका छौं (१कोरिन्थी १:३०).
हामी धोइएका, शुद्धयाइएका र निर्दोष पाइएका छौं (१कोरिन्थी ६:११).
हामीले छुटकारा पाएका छौं (एफिसी १:७).
हाम्रा पापमय स्वभावको इच्छा परिपूर्ति गर्न अब हामी जिइरहेका छैनौ (एफिसी २:३)
हामी अब क्रोधका पात्र छैनौ (एफिसी २:३).
अनुग्रहद्वारा विश्वासबाट हामीले उद्धार पाएका छौं (एफिसी २:८).
हामी क्षमा गरिएका छौं (कलस्सी १:१४).
ख्रीष्टमा हामी पूर्ण छौं (कलस्सी २:१०).
हाम्रो स्वभाव बद्लिएको छ (कलस्सी ३:९-१०).
हामी हीन (दोषी) विवेकदेखि शुद्धयाइएका छौं (हिब्रु १०:२२).

हामीले चङ्गाई पाएका छौं (१पत्रस २:२४).
पापको लेखि मरेर हामी धार्मिकताको लागि बांचेका छौं (१पत्रस २:२४).
विगतका पापहरुदेखि हामी शुद्ध पारिएका छौं (२पत्रस १:९).

### ३. संसारबाट हामी छुट्ट्याइएका छौं

येशूद्वारा हामी विजयीभन्दा महान भएका छौं (रोमी ८:३७).
हामी ख्रीष्टका राजदूतहरु हौं (२कोरिन्थी ५:२०).
परमेश्वरको पुत्रमा विश्वास राखेर हामीले उद्धार पाएका छौं (गलाती २:२०).
संसारका निम्ति हामी क्रूसमा टांगिएका छौं (गलाती ६:१४).
ख्रीष्टसँगै उचालिएर हामी स्वर्गीय स्थानमा बसालिएका छौं (एफिसी २:६).
परमेश्वरको घराना र सन्तहरुसँग हामी सँगी नागरिक बनेका छौं (एफिसी २:१९).
अन्धकारको राज्यबाट बचाइएर हामी परमेश्वरको राज्यमा ल्याइएका छौं (कलस्सी १:१३).
हामीलाई महिमाको आशा दिइएको छ (कलस्सी १:२७).
हामी धर्मीहरुको घर नयाँ स्वर्ग र नयाँ पृथ्वीको आशामा रहेका छौं (२पत्रस ३:१२).
हामीले संसारलाई जितेका छौं (१यहून्ना ५:४-५).

## ङ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. येशू ख्रीष्टमा निहित सबै असल कुराहरुमा धेरै क्रिश्चियनहरु किन जिइरहेका छैनन् ?
२. यस प्रकारको जीवन जिउन हामीले कसैको मद्दत पाउंछौं कि यसमा हामी एक्लै छौं ? (यूहन्ना १४:२६; १६:१३-१५).
३. येशूमा हामी जे छौं त्यसको सकारात्मक पक्षमा जिउन शुरु गर्दा हामी संसारदेखि कस्तो अपेक्षा गर्नसक्छौं (यूहन्ना १५:१८-१६:४).

## च. सारांश र प्रयोग

१. ख्रीष्ट येशूमा रहिरहंदा हामी महिमित सम्पत्तिको हकवाला हुन्छौं.
२. अज्ञानतापूर्ण बहानालाई एकातिर पन्छाएर ख्रीष्टमा हामी के हौं सो परमेश्वरको बचनबाट सिक्नुपर्छ र त्यसैको असल ज्ञानमा जिउनुपर्छ.

३. हाम्रो पुरानो जीवन र स्वभावलाई त्याग्नुपर्छ. येशूले चाहेजस्तै हामीले परमेश्वर पितामा आज्ञाकारी हुँदै पवित्र आत्माको सामर्थ्यमा जिउनुपर्छ.